साधारण सभा
ए/प्रस्ताव/४७/१३३
१२ फेब्रुअरी १९९३
सत्चालीसौं सत्र
एजेण्डा सामग्री ९७ (ख)
साधारण सभाद्धारा ग्रहण गरिएको
(तेस्रो समितिको प्रतिवेदन उपर (ए/ ४७/६७८/थप २

४७/१३३ <u>जबर्जस्ती बेपत्ता पारिएका सम्पूर्ण व्यक्तिहरुको सुरक्षा सम्बन्धीको घोषणापत्र</u>

साधारण सभा,

संयुक्तराष्ट्र संघको बडापत्रमा घोषणा गरिएका सिद्दान्तहरू र अन्य अन्तर्राष्ट्रिय सन्धिका प्रावधानहरू अनुरुप, मानव परिवार सम्पूर्णको अन्तर्निहित मानसम्मान तथा समान र अवछिन्न अधिकारहरू नै विश्वमा स्वतन्त्रता, न्याय र शान्तिको आधार  हो भन्ने कुराको विचार गर्दै,

बडापत्र अन्तर्गत भएका,  र खास गरी धारा ५५ अर्न्तगत मनावअधिकारह मनावधिकाहरू र आधारभूत स्वतन्त्रताहरूको सम्मान र पालनाको गर्नुपर्ने राष्ट्रका दायित्वको मनन गर्दै,

थुप्रै राष्ट्रहरू मा, धेरैजसो लगातार रूपमा बेपता पार्ने काम हुन्छ, यस अर्थमा विभिन्न निकाय वा तहका सरकारी कर्मचारीद्वारा, वा संगठित समूह वा सो का लागि काम गर्ने निजी व्यक्तिद्वारा, वा सरकारको सहयोग, प्रतक्ष्य वा अप्रत्यक्ष्य, सहमति वा स्वीकृतिका साथ, आफ्नो इच्छाविरुद्ध वा अन्य रुपमा कुनै व्यक्ति पक्राउ पर्छ, थुनामा पर्छ, वा अपरहणमा पर्छ जसपश्चात सम्बन्धित व्यक्तिको ठेगानाको खुलासाको इन्कारी गर्ने वा स्वतन्त्रताबाट वन्चित गरेको अस्वीकार गर्ने त्यस्ता व्यक्तिलाई कानूनको सुरक्षाको दयारा भन्दा बाहिर राख्ने गरेको घटनाहरुप्रति गहन चिन्तन गर्दै,

जबर्जस्ती बेपत्ता पार्ने कार्यले कुनै पनि कानूनी शासन, मनावधिकार र आधारभूत हक अधिकारप्रति प्रतिबद्ध भएको समाजको गहिरो भन्दा गहिरो मान्यतालाई बेवास्ता गर्छ, र साथै यस्ता कार्यको व्यवस्थित अभ्यास गर्नु मानवता विरुद्धको अपराध हो भन्ने विचार गर्दै,

विश्वका विभिन्न क्षेत्रका रिपोर्ट अनुसार, जबरजस्ती वा अस्वेच्छिक रुपमा जबर्जस्ती बेपत्ता पारिएका घटनाहरू र साथसाथै त्यस्ता कार्यले ल्याएको वेदना र दुःख सम्भिmदै र अधिकार प्राप्त अधिकारी र सुरक्षाकर्मीलाई कानूनी रूपमा जिम्मेवार बनाउन आवहान गरेको २० डिसेम्बर १९७८ को प्रस्ताब स्मरण गर्दै,

१२ अगष्ट १९४९ को जेनेभा सन्धिहरु र त्यस्का पूरक महासन्धिद्वारा सशस्त्र द्वन्दका पिडितहरुलाई प्रदान गरिएको सुरक्षालाई समेत सम्भिmदै,

व्यक्तिको बाँच्न पाउने अधिकार, स्वतन्त्रता र सुरक्षाको अधिकार, यातना तथा क्रुर, अमानविय व्यवहार विरुद्धको अधिकार र कानून अघि व्यक्ति समानको अधिकार सुरक्षित गरेका नागरिक तथा राजनीतिक अधिकार सम्बन्धि अन्तर्राष्ट्रिय महासन्धि र मानवअधिकारको विश्वव्यापी घोषणापत्रलाई ध्यानमा राख्दै,

यातना तथा क्रुर, अमानविय वा अपमानजनक व्यवहार विरुद्धको महासन्धिले राष्ट्रलाई यातना रोकथाम र सजायको लागि प्रभावकारी उपायहरु अवलम्बन गर्न लगाएको कुरा पनि ध्यानमा राख्दै,

कानून कार्यान्वयन गर्ने कर्मचारीका लागि आचरण संहिता, कानून कार्यान्वयन गर्ने कर्मचारीद्वारा बल तथा हतियार प्रयोगको आधारभूत सिद्धान्तहरू, अपराध र शक्तिको दुरुपयोगका पिडीतको लागी न्यायका आधारभूत सिद्धान्तहरूको घोषणापत्र र कैदीबन्दीका लागी स्तरीय व्यवहारका न्यूनतम नियमहरुको मनन गर्दै,

जबर्जस्ती बेपत्ता पार्ने कार्यको रोकथामका लागि, ९ डिसेम्बर १९८८ को ४३/१७३ को प्रस्तावको अनुसूचीमा रहेको कुनै प्रकारको बन्दी वा कैदीमा रहेको व्यक्तिको सुरक्षाको लागि बनेका सिद्दान्तहरू र साथै १५ डिसेम्बर १९८९ को ४४/१६२ को प्रस्तावद्वरा महासभाले समर्थन गरेको २४ मे १९८९ को आर्थिक र सामाजिक परिषद्को अनुसूचीमा प्रस्तुत गरिएको १९८९/६५ प्रस्तावमा भएको गैर कानूनी, स्वेच्छाचारी हत्याको प्रभावकारी रोकथाम र अनुसन्धानका सिद्दान्तको पूर्ण अवलम्बन गर्नुपर्ने जरुरी रहने विशवास गर्दै,

ह्युमन राइट्स एण्ड जस्टिस सेन्टर

जहाँ जबर्जस्ती बेपत्ता पार्ने कार्यसँग सम्बन्धित कार्यहरु माथि उल्लेखीत अन्तर्राष्ट्रिय दस्तावेजका अनुसार रोक लगाइन्छ, त्यहाँ एउटा नयाँ दस्तावेज बनाउन उत्तिकै जरुरी छ जसले जबर्जस्ती बेपत्ता पार्ने सम्पूर्ण कार्यलाई गहन अपराधको रुपमा लिन्छ र त्यस्ता कार्यलाई रोक्न र सजाय दिन मापदण्डको निर्माण गर्दछ भन्ने मनन गर्दै,

१. यो जबर्जस्ती बेपत्ता पारिएका सम्पूर्ण व्यक्तिहरुको सुरक्षा सम्बन्धीको घोषणापत्र सम्पूर्ण राष्ट्रका लागी सिद्दान्त अनुरुप हुने घोषणा गर्छÙ

२. घोषणापत्रको सर्वत्र जानकारी दिन र सम्मानका लागि सम्पूर्ण प्रयास गरियोस् भन्ने आग्रह गर्छ Ù

## धारा १

१. हरेक जबर्जस्ती बेपत्ता बनाइने कार्य व्यक्तिको आत्मसम्मान विरुद्धको अपराध हो । यसलाई संयुक्त राष्ट्रसंघको अधिकारपत्रको उद्देश्य विरुद्धको कार्य र साथसाथै मानव अधिकारको विश्वव्यापी घोषणामा निहित मानव अधिकार र मौलिक स्वतन्त्रता विरुद्धको गम्भीर उल्लङ्घनको रूपमा आलोचना गरिन्छ, जसलाई यसै क्षेत्रका अन्य अन्तर्राष्ट्रिय दस्तावेजहरुमा प्रतिपादित र उदृत गरिएका छन् ।

२. जबर्जस्ती बेपत्ता बनाइने कार्यले जबर्जस्ती बेपत्ता पारिएको व्यक्तिलाई कानूनको सुरक्षाबाट अलग गराउँछ र त्यस्ता व्यक्ति र उनको परिवारप्रति कठोर दु:ख दिन्छ । यसले हरेक व्यक्तिको

कानून समक्ष व्यक्ति समान मान्यता पाउने अधिकार, स्वतन्त्रता र व्यक्तिगत सुरक्षाको अधिकार र यातना तथा क्रुर, अमानविय वा अपमानजनक व्यवहार विरुद्धको अधिकार जस्ता अन्तर्राष्ट्रिय कानून प्रदत्त नियमहरुको उल्लङ्घन गर्दछ । साथै यसले बाँच्न पाउने अधिकारमा गम्भीर खतरा पुराउँछ ।

## धारा २

१. कुनै राष्ट्रले जबर्जस्ती बेपत्ता पार्ने कार्यको अभ्यास गर्ने, अनुमति दिने वा सहन गर्ने छैन ।

२. राष्ट्रले संयुक्त राष्ट्रसंघसँग समन्वय गर्दै राष्ट्रिय तथा क्षेत्रिय तहबाट जबर्जस्ती बेपत्ता पार्ने कार्यको रोकथाम तथा निर्मूलीकरणका लागि हरेक तवरबाट कार्य गर्नेछ ।

## धारा ३

हरेक राष्ट्रले, आफ्नो क्षेत्राधिकार भित्र पर्ने क्षेत्रहरुमा, जबर्जस्ती बेपत्ता पार्ने कार्यको रोकथाम तथा निर्मूलीकरणका लागि प्रभावकारी व्यवस्थापकीय, प्रशासनिक वा अन्य उपाय अपनाउनु पर्नेछ ।

## धारा ४

१. हरेक जबर्जस्ती बेपत्ता पार्ने कार्यलाई आपराधिक कानूनी अर्न्तगत अपराध बनाई सोलाई अत्यन्त गम्भीरताका साथ उपयुक्त सजाय र दण्डको व्यवस्था गर्नुपर्छ ।

२. जबर्जस्ती बेपत्ता पार्ने कार्यमा संलग्न भएका व्यक्तिले पिडितलाई जीवित बाहिर ल्याउन वा स्वेच्छाले सूचना प्रदान गरी जबर्जस्ती बेपत्ता पारिएका मुद्दामा सहयोग गरेमा त्यस्ता व्यक्तिका लागि राष्ट्रिय कानूनमा सजाय कम गराउने परिस्थितिको निर्माण गर्न सकिन्छ ।

## धारा ५

त्यस्ता लागु हुने अपराधिक सजायका साथै, जबर्जस्ती बेपत्ता पार्ने कार्यले अपराधी र यस्ता कार्य संगठित गर्ने, स्वीकार गर्ने वा सहने राष्ट्र वा राष्ट्रिय निकायलाई कुनै सम्बन्धित राष्ट्रको अन्तर्राष्ट्रिय कानून अनुसारको अन्तर्राष्ट्रिय जिम्मेवारीका सिद्दान्तप्रति, कुनै पूर्वाग्रह नराखी देवानी कानून अन्तर्गत उत्तरदायी बनाउँछ ।

## धारा ६

१. कुनै पनि सार्वजनिक पदमा रहेको व्यक्ति, जनता, सैनिक, वा अन्य कोहीले दिएको कुनै आदेश वा निर्देशनले, जबर्जस्ती बेपत्ता पार्ने कार्यलाई न्यायोचित बनाउन मिल्दैन । त्यस्तो कुनै आदेश वा निर्देशन पाएको व्यक्तिसँग सो नमान्ने अधिकार र कर्तब्य हुन्छ ।

२. हरेक राष्ट्रले जबर्जस्ती बेपत्ता पार्न निर्देशन दिने, मान्यता दिने वा प्रोत्साहन गर्ने आदेश वा निर्देशनमाथि रोक लगाउने सुनिश्चित गर्नुपर्छ ।

३. यस प्रावधानको अनुच्छेद १ र २ लाई कानून कार्यन्वयन गर्ने अधिकारीको तालिमले जोड दिनेछ ।

## धारा ७

कुनै पनि परिस्थिति, चाहे युद्धको डर, युद्धको अवस्था, आन्तरिक राजनैतिक अस्थिरता वा अन्य कुनै सार्वजनिक आपतकालीन अवस्थालाई जबर्जस्ती बेपत्ता पार्नका लागि न्यायोचित मानी लागु गर्न मिल्दैन ।

## धारा ८

कुनै व्यक्तिलाई कुनै राष्ट्रमा जबर्जस्ती बेपत्ता पारिने खतरा भएको पर्याप्त आधार भएमा, कुनैपनि राष्ट्रले त्यस्तो व्यक्तिलाई निकाल्ने, फर्काउने वा अन्य देशमा सुपुर्द गर्न पाउने छैन ।

२. त्यस्ता आधारहरु भए वा नभएको पत्ता लगाउनका निम्ति, सक्षम निकायद्वारा राष्ट्रमा भएको मानव अधिकारको लगातार र गम्भीर वा मानव अधिकारको थुप्रै उल्लङ्घनको अवस्था लगायत सम्पूर्ण अन्य सान्दर्भिक स्थितिलाई विचार गर्नुपर्छ ।

## धारा ९

१. सम्पूर्ण परिस्थितिमा जबर्जस्ती बेपत्ता रोकथामका निम्ति, स्वतन्त्रता गुमाएको व्यक्तिले आफू भएको ठाउँ वा आफ्नो स्वास्थ्य स्थितिको बारेमा पत्ता लगाउने मध्यमको रूपमा शिघ्र तथा प्रभावकारी न्यायिक उपचारको अधिकार र/वा व्यतिगत स्वतन्त्रताबाट बन्चित गर्ने आदेश वा निर्देशन दिने निकायको पहिचन गर्ने र साथै माथि धारा ७ मा उल्लेखित प्रावधान समेत समावेश गर्न आवश्यक पर्दछ ।

ह्युमन राइट्स एण्ड जस्टिस सेन्टर

२. त्यस्ता कार्यविधिमा एक सक्षम राष्ट्रिय निकायलाई व्यक्तिको स्वतन्त्रता कुण्ठित गरी बन्दी बनाइएको ठाउँ, त्यस ठाउँको कुनै भाग वा सो व्यक्ति भएको विश्वास गर्न सकिने कुनै ठाउँको पहुँच हुन्छ ।

३. राष्ट्रिय कानून वा राष्ट्र पक्ष भएको अन्तर्राष्ट्रिय कानून अन्तर्गतका अन्य सक्षम निकायलाई समेत त्यस्तो ठाउँको पहुँच रहनेछ ।

## धारा १०

१. कुनै पनि स्वतन्त्रता हनन भएको व्यक्तिलाई आधिकारिक मान्यताप्राप्त थुनामा राखी राष्ट्रिय कानून बमोजिम थुना पश्चात शिघ्र न्यायिक निकाय समक्ष पेश गर्नुपर्छ ।

२. थुनामा रहेको व्यक्ति र सो व्यक्ति रहेको ठाउँ र ठाउँहरू लगायत सरुवा गरिएको ठाउँबारे तुरुन्त परिवारका सदस्य, सम्बन्धित कानूनी व्यवसायी, वा विपरित इच्छा राख्ने व्यक्ति बाहेक व्यक्तिलाई सूचना दिनुपर्दछ ।

३. हरेक थुनामा राखिएका ठाउँमा, स्वतन्त्रता हनन गरिएका सम्पूर्ण व्यक्तिको औपचारिक र पछिल्लो जानकारी सहितको अभिलेखखाता कायम गरिनुपर्छ । साथै हरेक राष्ट्रले केन्द्रिकित

अभिलेखखाता कायम गर्न आवश्यक पर्ने कदम चल्नु पर्नेछ । यस्ता अभिलेखखातामा भएका हरेक सूचना माथिल्लो अनुच्छेदमा उल्लेख गरिएका व्यक्तिहरुलाई, कुनै न्यायिक वा अन्य सक्षम र स्वतन्त्र राष्ट्रिय निकायलाई र सम्बन्धित राष्ट्रको कानून वा थुनामा रहेको व्यक्तिको ठेगाना पत्ता लगाउन खोजेको, राष्ट्र पक्ष भएको अन्तर्राष्ट्रिय कानूनद्वारा हक प्रदान गरिएका सक्षम निकायलाई प्रदान गरिनुपर्छ ।

## धारा ११

हरेक स्वतन्त्रता खोसिएका व्यक्तिलाई थुनामुक्त गर्दा, वास्तविक रुपमा थुनामुक्त गरिएको हो भन्ने विश्वसनीय प्रमाणिकरणका साथ थुनामुक्त गरिनुपर्छ र, थप रुपमा थुनामुक्त गर्दाको अवस्थामा व्यक्तिको शारीरिक निष्ठा र प्रदान गरिएका अधिकारको सम्पूर्ण रूपमा उपभोग गर्ने क्षमता सुरक्षित गरिनुपर्छ ।

## धारा १२

१. हरेक राष्ट्रले आफ्नो राष्ट्रिय कानून अन्तर्गत, स्वतन्त्रता हनन गर्ने आदेश दिने अधिकार प्राप्त अधिकारीहरुलाई इंगित गर्दै, त्यस्ता आदेश दिने अवस्था निर्माण गर्ने, र कुनै न्यायिक तर्कबिना थुना सम्बन्धी सूचना दिन इन्कार गर्ने अधिकार प्राप्त अधिकारीलाई दण्ड सजायको प्रावधान निर्माण गर्नुपर्छ ।

ह्युमन राइटस एण्ड जस्टिस सेन्टर

२. यसैगरी हरेक राष्ट्रले, पक्राउ गर्ने, थुनामा राख्ने, हिरासतमा लिने, सरुवा र कैदमा राख्न जिम्मेवार अधिकारी र साथै बल तथा हतियारको प्रयोग गर्न कानूनले अधिकार दिएको अधिकारीको कडा निगरानीका साथै आदेश को शृंखला (चेन अफ कमाण्ड) सुनिश्चितता गर्नुपर्छ ।

## धारा १३

१. कुनै व्यक्तिलाई जबर्जस्ती बेपत्ता पारिएको बारेका सम्बन्धित ज्ञान भएको व्यक्ति वा अन्य कुनै चासो भएको व्यक्तिको राष्ट्रका सक्षम र स्वतन्त्र निकायमा उजुरी दिने हक हरेक राष्ट्रले सुनिश्चित गर्नुपर्छ र साथै त्यस्ता उजुरी निकायले निष्पक्ष, शीघ्र र बिस्तारित रूपमा हेर्नुपर्ने व्यवस्था सुनिश्चित गर्नेछ ।

२. हरेक राष्ट्रले आफ्ना सक्षम निकायसँग प्रभावकारी अनुसन्धान गर्न आवश्यक पर्ने शक्ति र श्रोतको सुनिश्चितता गर्दै, साक्षीको उपस्थिति आवश्यक गराउन र सम्बन्धित दस्तावेज उपलब्ध गराउन र शीघ्र घटनास्थल भ्रमण जान समेत सुनिश्चित गर्नुपर्छ ।

३. हरेक राष्ट्रले, अनुसन्धानमा सम्मेलित उजुरीदर्ताकर्ता, वकिल, साक्षी र अन्य सहभागी समेतलाई दुर्व्यवहार, त्रास वा बदला विरुद्ध सुरक्षाको सुनिश्चितता लागि आवश्यक कदमहरु चाल्नुपर्छ ।

४. त्यस्तो अनुसन्धानबाट आएका निष्कर्ष, अपराधिक अनुसन्धानमा बाधा पर्न जाने स्थितिमा बाहेक, सम्पूर्ण सम्बन्धित पक्षसमक्ष अनुरोध गरेको खण्डमा, उपलब्ध गराउनुपर्छ ।

५. उजुरी गर्दाको बखतमा वा अनुसन्धान कार्यविधि चलिरहेको समयमा कुनै दुर्व्यवहार, त्रास वा बदला वा अन्य कुनै किसिमको हस्तक्षेपलाई उपयुक्त सजाय गर्न राष्ट्रले आवश्यक कदमहरु चाल्नुपर्छ ।

६. माथि उल्लेखित कार्यविधि अनुसार भएको अनुसन्धान तब सम्म गरिनुपर्छ जबसम्म जबर्जस्ती बेपत्ता पारिएको पिडितको भाग्य निश्चित हुँदैन ।

## धारा १४

कुनै राष्ट्रमा गठित औपचारिक अनुसन्धानबाट तथ्य खुल्न आएको खण्डमा, जबर्जस्ती बेपत्ता पार्ने कार्यको आरोपित व्यक्तिलाई अन्तर्राष्ट्रिय कानून बमोजिम क्षेत्रधिकार प्रयोग गर्न इच्छुक अर्को राष्ट्रले सुपुर्दगी नगरेकोमा, राष्ट्रका सक्षम निकायले अभियोजन अघि बढाउन र मुद्दाको सुरुवात गर्नुपर्छ ।

## धारा १५

राष्ट्रका सक्षम निकायले शरण प्रदान गर्ने वा नगर्ने निर्णय गर्दा, कुनै व्यक्तिले माथि धारा ४, अनच्छेद १ मा उल्लेख गरिएका अत्यन्त गम्भीर प्रकृतिका कार्य गरेको वा त्यसमा सहभागी भएको तथ्यमाथि विश्वास गर्ने आधार रहेको खण्डमा, त्यस्ता व्यक्तिलाई शरण प्रदान गर्ने वा नगर्ने निर्णय गर्दा राष्ट्रका सक्षम निकायले मनसायलाई बेवास्ता गर्दै, यस्ता कार्यलाई विचार गर्नुपर्छ ।

## धारा १६

१. धारा ४, अनच्छेद १ मा उल्लेख गरिएको प्रावधान उल्लङ्घन गरेको आरोपित व्यक्तिविरुद्ध, धारा १३ मा व्यवस्था गरिएको अनुसन्धान चल्दाको बखतमा त्यस्तो व्यक्तिलाई कार्यालयको कर्तव्यबाट निष्काशित गरिनुपर्छ ।

२. त्यस्ता व्यक्तिलाई हरेक राष्ट्रमा, सामान्य सक्षम अदालतद्वारा, र र खासगरी, सैन्य अदालत बाहेक अन्य कुनै विषेश न्यायाधिकरण कारवाही अघि बढाउनुपर्छ ।

३. भिएना कुटनीतिक सम्बन्ध सम्बन्धी महासन्धिका प्रावधानहरूमाथि कुनै पूर्वाग्रह नराखी त्यस्ता मुद्दाका कारवाहीमा  कुनै विषेशाधिकार, प्रतिरक्षा वा विषेश छुट स्वीकार गरिने छैन ।

४. त्यस्ता कार्याका लागि जिम्मेबार ठानिएका व्यक्तिलाई, अनुसन्धानका सम्पूर्ण तह, अभियोजन र अन्तिम फैसलासम्म, मानवअधिकारको विश्वव्यापी घोषणापत्र  लगायत अन्य सान्दर्भिक चालु अन्तर्राष्ट्रिय सन्धिद्वारा प्रदान गारिएका, निष्पक्ष व्यवहारलाई प्रत्याभूत गर्नुपर्छ ।

## धारा १७

१. जबर्जस्ती बेपत्ता पार्ने कार्यलाई तबसम्म चालु अपराध मानिने छ जब सम्म अपराधीले जबर्जस्ती बेपता पारिएको व्यक्ति रहेको ठाउँ र भएको घटनाबारे खुलासा गर्दैन र यस्ता सत्य अस्पष्ट हुन्छन् ।

२. नागरिक र राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा २ प्रदत उपचार अहिले प्रभावकारी नभएको अवस्थामा, यी उपचारहरू पुनर्स्थापना नभएसम्म, जबर्जस्ती बेपत्ता पार्ने कार्यको हदम्याद स्थगित गर्नुपर्छ।

३. जबर्जस्ती बेपत्ता पार्ने कार्य सम्बन्धी हदम्याद प्रावधान हुँदा यसलाई अत्यन्त गम्भीर अपराध अनुरुप पर्याप्त र आनुपातिक हुनुपर्छ।

धारा १८

१. धारा ४, अनुछेद १ मा उल्लेख गरिएको अपराध गर्ने अपराधी वा आरोपितलाई अपराधको कार्यविधि वा सजायबाट, कुनै प्रकारको विषेश क्षमादानको कानून वा सोही प्रकारको छूटबाट लाभान्वित गर्न मिल्दैन।

२. माफीको अधिकार को प्रयोग गर्दा, जबर्जस्ती बेपत्ता पार्ने कार्याको चरम गम्भीरतालाई ध्यान दिनुपर्छ।

धारा १९

जबर्जस्ती बेपत्ता पारिएको कार्यका पिडित र उनका परिवारले उपचार पाउनेछन र उचित क्षतिपुर्ती लगायत सम्भव भएसम्मको, पूर्ण पुर्नस्थापनाका उपायहरु, पाउनेछन। जबर्जस्ती बेपत्ता पारिएको कारणबाट पिडितको मृत्यु हुन गएकोमा, पिडितमा निर्भर हुनेले समेत क्षतिपूर्ती पाउनेछन।

ह्युमन राइट्स एण्ड जस्टिस सेन्टर

धारा २०

१. जबर्जस्ती बेपत्ता पारिएका बाबुआमाको सन्तान र आमा बेपत्ता हुँदाको अवस्थामा जन्म भएको बालबालिकाको अपरहरणलाई रोक्ने र दबाउने काम राष्ट्रले गर्नेछ र साथै त्यस्ता बालबालिकाको खोज र पहिचानका लागि प्रयासहरू समर्पित गर्नेछ र बालबालिकाको मूल परिवारमा पुनर्स्थापना गर्नेछ।

२. माथिल्लो अनच्छेदमा उल्लेख गरिए अनुसार, बालबालिकाको सर्वोत्तम हितको आवश्यकतालाई मनन गर्दै, धर्मपुत्र र धर्मपुत्रीको व्यवस्था भएका राष्ट्रहरुमा, त्यस्तो बालबालिका धर्मपुत्र र धर्मपुत्री बनाउने व्यवस्थाको र खासगरी जबर्जस्ती बेपत्ता पार्नुको कारणबाट बनाइएका धर्मपुत्र र धर्मपुत्रीबारे समिक्षा गर्ने अवसर राष्ट्रहरुमा हुनेछ। तर यदी बच्चाका नजिकका आफन्तहरूले सहमती दिएको खण्डमा धर्मपुत्रधर्मपुत्री विद्यमान हुन्छ।

३. जबर्जस्ती बेपत्ता वनाईएका बाबुआमाका बालबालिकाको वा आमा जबर्जस्ती बेपत्ता बनाइएको अवस्थामा जन्म भएको बालबालिकाको अपरहण र त्यस्ता बालबालिकाको सही पहिचान भएको दस्तावेज साट्ने वा लुकाउने कार्य गम्भीर अपराध हो जसको लागी गम्भीर सजाय निर्धारण गर्नुपर्छ।

४. यिनै कारणहरुका लागि, राष्ट्रले, उपयुक्त अवस्थामा, द्विपक्षीय र बहुपक्षीय सन्धिहरु गर्नुपर्छ।

धारा २१

यस घोषणापत्रका प्रावधानहरु, मानवअधिकारको विश्वव्यापी घोषणापत्र लगायत अन्य कुनै अन्तर्राष्ट्रिय सन्धिमा भएका प्रावधानसँग बाझिने छैन, र साथै त्यस्ता प्रावधानको विपरित वा प्रतिबन्धित रूपमा व्याख्या गरिनेछैन ।

९२ औ प्लेनरी बैठक

१८ डिसेम्बर १९९२

ह्युमन राइट्स एण्ड जस्टिस सेन्टर